नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग

# बबई सिंचाई आयोजना

बैदी, बर्दिया

आ.व. २०८२/८३, तेस्रो त्रैमासिक (माघ, फागुन तथा चैत्र महिना)को आयोजनाबाट सम्पादित कार्यको विवरण (सुचनाको हक सम्वन्धि ऐन २०६४ को दफा (५) ३ को प्रयोजनको लागि)

बबई सिंचाई आयोजना
बैदी, बर्दिया

सि. डि. ई.

नेपालको संविधानको धारा २७ मा सूचनाको हकलाई नागरिकको मौलिकहकको रुपमा व्यवस्था गरेको छ । आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको जानकारी पाउने नागरिकको मौलिक हक कार्यान्बयनको लागि सुचनाको हक सम्बन्धि ऐन २०६४ कार्यान्वयनमा आएको छ। उक्त ऐनको दफा (५) ३ मा सार्वजनिक निकायले प्रत्येक तीन महिनामा आफ्नो कार्यालयको सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्थालाई कार्यान्वियन गर्न बबई सिंचाई आयोजना बैंदी बर्दियाले पनि यस्तो सूचनाहरु प्रकाशन गर्न पाउँदा खुसी लागेको छ।

यो विवरणमा आ. ब. ०८२/०८३ माघ, फाल्गुन र चैत्र महिनाको सूचना तथा अन्य विवरणहरु समावेश गरिएको छ। प्रस्तुत विवरणले बबई सिंचाई आयोजना, बैंदी, बर्दियाको काम, कारवाही सम्बन्धमा सर्वसाधारणमा सूचना प्रवाह हुने तथा सुधारको सम्बन्धमा पृष्ठपोषण प्राप्तहुने अपेक्षा लिएको छ । साथै सुचनामा सर्वसाधारण नागरिकहरुको हकको सुनिश्चतता प्रदान गर्न यस परियोजना कार्यालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

गोपाल शर्मा

आयोजना निर्देशक

सि० डि० ई०

## १. परिचय

बबई सिंचाइ आयोजना, बर्दिया बबई नदीको पानी सिंचाइ प्रयोजनका लागि माटो, ढुंगा, झाला पाता, बाँसको माध्यमबाट नदीलाई फर्काएर परम्परागत रुपमा कृषकहरू आफैले दुःखका साथ चलाइरहेकोमा कृषकहरुलाई भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ २०४५ साल देखि सिंचाइ संरचना विकास तथा सुधारका काम क्रमिक रुपमा गर्दै आएकोमा आ.व. २०६८/६९ को बजेट वक्तव्यमार्फत राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको छ। यस आयोजनको उद्देश्य बर्दिया जिल्लाको बबई नदीको पूर्वतर्फ करिब २१००० हे. र पश्चिमतर्फ करिब १५००० हे. गरी जम्मा ३६००० हे. जमिनमा बाहै महिना सिंचाइ सुविधा पुऱ्याई कृषि उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गरी कृषकहरुको जीवनस्तर उकासी आत्मनिर्भर बनाउनुको साथै देशमा खाद्यान्न आपूर्ति गर्दै "समृद्ध नेपाल सुखी नेपाली" बनाउन टेवा पुर्याउने रहेको छ।

आयोजनाको खरिद तथा निर्माण कार्यलाई चुस्त बनाउनको निम्ति सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिम रु २,८३,३९,१६,०००.०० मा सकिनेगरी मिति २०६५/०२/१४ मा पहिलो खरिद गुरुयोजना स्वीकृत भएको थियो। यथेष्ट बजेट विनियोजन नहुने, कार्यक्षत्र विस्तार, कोरोनाको महामारी, भुकम्प, निर्माण कार्यको कार्य क्षेत्र तथा दायरा बढेको लगायतका कारणले आयोजना सम्पन्न हुने मितिका साथै आयोजनाको लागत समेत बढ्न गई आयोजनाको खरिद गुरुयोजनामा संशोधन भएको छ।

हाल आ.व. २०७७/७८ मा अद्यावधिक भएको चालु गुरुयोजना अनुरुप सम्पूर्ण क्रियाकलापहरुमा यथेष्ट बजेट विनियोजन नभएको र खरिद कार्य बाँकी नै रहेकाले आ.व. २०८२/८३ सम्ममा सम्पन्न हुन नसक्ने देखिएको थियो। विशेषतः पश्चिमी मूल नहरको चेनेज ३२+००० कि.मि. देखि चेनेज ४१+४०० कि.मि. सम्मको ९.४ कि.मि. खण्डको शाखा/उपशाखा तथा सिंचित क्षेत्र विकास कार्य समेतको खरिद प्रकृया गर्न बाँकि रहेको छ। पश्चिमी मूल नहरको चेनेज २८+००० कि.मि. देखि ३२+००० कि.मि. सम्म को मूल तथा शाखा नहरको निर्माण कार्य आ.व. २०८३/८४ मा सम्पन्न गर्ने गरी तथा चेनेज ३२+००० कि.मि. देखि ४१+४०० कि.मि. सम्मको मूल नहरको निर्माण कार्य आ.व. २०८४/८५ मा सम्पन्न गर्ने गरी खरिद प्रकृयाको कार्य सम्पन्न भई निर्माणको चरणमा रहेको छ।

पश्चिम मूल नहर अन्तर्गत चेनेज ३२+००० भन्दा पछाडिका आठ शाखा नहर (चौबुर्जी, तुलापुर, पदमपुर, थपुवा, घुम्नाहा, कालावञ्जरा, बलेपूर्व र आशापुर) तथा पूर्वी मूल नहर अन्तर्गतका शाखा नहरहरुको Tail Reach गरी जम्मा ५२.१६ हेक्टर बराबरको जग्गा अधिग्रहणको कार्य अन्तिम चरणमा रहेको छ साथै उक्त कार्यको लागि मन्त्रीपरिषद्को मिति २०८१/०७/०८ को निर्णयबाट सैद्धान्तिक सहमति प्राप्त भैसकेको छ र र सो कार्य सम्पन्न हुनासाथ निर्माण कार्यको खरिद प्रकिया समेत संगसंगै हुने गरि तयारी गरिएको छ। आयोजना सम्पन्न गर्नका लागि उपरोक्त शाखाहरुको जग्गा अधिग्रहण पश्चात खरिद प्रकृया अगाडी बढाई यथासक्य छिटो निर्माण सम्पन्न गर्नुपर्ने देखिन्छ। भेरी-बबई डाइभर्सन बहुउद्देशिय आयोजनाको निर्माण कार्य

समेत समान्तर रुपमा अघि बढिरहेको हुँदा सो आयोजना सम्पन्न हुँदासम्म बबई सिंचाइ आयोजनाको सम्पूर्ण पूर्वाधार निर्माण गरिसक्नुपर्ने भएकाले खरिद तथा निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

त्यसैगरी आ.व. २०८२/८३ को चैत्र मसान्तको समाप्ति सँगै आयोजनाको सिंचित क्षेत्र कुल ३६,००० हेक्टर मध्ये २८,५३० हेक्टर मा सिंचित क्षेत्र विकास तथा विस्तार कार्य पुरा भएको छ। पूर्वी मूल नहर अन्तर्गत मुख्य गरी S-14, S-17, S-18, S-19 तथा B4 शाखाहरु लगायत छुटफुटरुपमा अन्य शाखाको पनि सिंचित क्षेत्र विस्तारको लागि प्रकृया अगाडी बढाउनुपर्ने हुन्छ। साथै पश्चिम मूल नहर अन्तर्गत चेनेज २८+००० कि.मि. पछाडिको सिंचित क्षेत्र बिकास गर्नुपर्ने हुन्छ।

पछिल्ला तीन आ.व. हरुमा आयोजनाको स्वीकृत खरिद गुरु योजना अनुसार बजेट विनियोजन नभएको तथा संझौता भएको निर्माण कार्यमा समेत आयोजना तथा निर्माण व्यवसायीबाट आशातीत प्रगति प्राप्त हुन नसकेको सन्दर्भमा आयोजना आ.व. २०८२/८३ मा सम्पन्न नहुने निश्चित छ। आ.व. २०८२/८३ को चैत्र महिनाको अन्त्यसम्ममा कुल ८१.१७ % भौतिक प्रगति एवं ६५.३१ % वित्तीय प्रगति हासिल भएको देखिन्छ।

गत आ.व. २०८१/८२ सम्मको प्रगति, चालु अवस्थामा रहेका निर्माण कार्यहरु, बाँकी खरिद गर्नु पर्ने अद्यावधिक कार्यहरुको लागत अनुमान समेतको आधारमा अद्यावधिक लागत अनुमान तयार गरी कुल लागत रु.२६,६९,३३,१८,०००.०० को विस्तृत परियोजना प्रतिवेदन तथा बबई सिंचाई आयोजनाको अद्यावधिक खरिद गुरुयोजना अवधि आ.व. २०८५/८६ सम्म प्रस्ताव गरिएकोमा मिति २०८२/०६/२८ मा स्वीकृत भएको छ।

सि० डि० ई०

२. आयोजनाको बारेमा प्रमुख जानकारी

## SALIENT FEATURES OF THE PROJECT

| | | |
|---|---|---|
| Name of the project | : | Babai Irrigation Project |
| Project Priority | : | National Pride |
| Location; | | |
| Province | : | Lumbini |
| District | : | Bardiya |
| Hydrology of the Source | | |
| Name of Water Source | : | Babai River |
| Catchment Area | : | 3000 sq. km |
| High Flood Discharge | : | 11000 Cumecs (100Yrs return Period) |
| HFL | : | 192.78 m |
| Minimum Flow | : | 5 Cumecs (Mid-April to Mid-July) |
| Meteorology | | |
| Climates Zone | : | Sub-Tropical |
| Annual Rain fall | : | 1328 mm (80% occurs during June to September) |
| Max. Temp | : | $44^{0}$c (June) |
| Min. Temp | : | $5^{0}$c (January) |
| Agro-Economy | | |
| Average Land holding | : | 0.84 ha |
| Majority of Population | : | 60% either land less or hold about 0.5 ha of land in the area. |
| WUA Institution | : | Formal WUA after intervention of the project Secondary (SWUG) & Sub-secondary (SSWUG) |
| Economic Analysis | | |
| Project Life | : | 42 Yrs (2045 BS project started) |

| | | |
|---|---|---|
| Investment Return | : | 24 Yrs (2032 BS Study) |
| Per Hectare Cost | : | NRs. 7,41,481/- |
| EIRR | : | 22.8% |
| Cropping Intensity | : | 169% (without Project) |
| | : | 237% (Projected with project) |
| Elapsed Project Life | : | 37 Years, F/Y 2081/82 |

**Project Development(completed)**

| | | |
|---|---|---|
| Head work | : | 315 m-Weir cum Bridge act as East-West Highway Bridge over Babai River |
| Weir Crest | : | 187.70 m |
| Under sluice | : | 3 no. of bays (width=10m each) |
| Fish Ladder | : | 1 no. on Eastern side of the Weir |
| Intake Head regulator | : | 53 Cumecs (5 no. bays/ 2.5m m each) |
| Settling basin | : | 63.0 Cumecs (source: H/W) |
| Length | : | 980m |
| Flusing Capacity | : | 20 $m^3/s$ |
| Bed width | : | 20 m |
| Main Canal (East) | : | 34.5 Km |
| Capacity | : | 27.48 Cumecs. |
| Main Canal (West) | : | 31.6 Km completed (9.8 km under construction) |

**Project Cost**

| | | |
|---|---|---|
| Updated Master Plan | : | 26,69,33,18,000/- with time extension, approval |
| Approved Master Plan | : | NRs. 18,96,30,44,000.00 (Approved date 2078/01/21) |
| Capital Investment | : | NRs. 17,43,40,62,000.00 (up-to third quarter F/Y 2082/83) |
| Land Acquisition | : | 393.95 ha. (up-to third quarter F/Y 2082/83) |

३. आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक सम्मको प्रमुख उपलब्धिहरु

यसै साथ संलग्न गरिएको छ।

४. आयोजनामा देखिएका विद्यमान समस्या र समाधानका प्रयासहरु

यसै साथ संलग्न गरिएको छ।

५. सेवा प्रदान गर्ने शाखाहरुको जिम्मेवार अधिकारीको टेलिफोन नम्बरहरु

| क्र.सं. | कर्मचारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | गोपाल शर्मा | आयोजना निर्देशक | ९८५११४६५९९ | |
| २ | दिनेश पौडेल | सिनियर डिभिजनल ईन्जिनियर | ९८५५०३०५७५ | |
| ३ | निरज के.सी. | उप-सचिव (लेखा) | ९८४९५३००५६ | |
| ४ | शेखर नाथ न्यौपाने | सिनियर डिभिजनल ईन्जिनियर (सूचना तथा सम्पर्क अधिकारी) | ९८५८०६६५३६ | |
| ५ | जित नारायण काशिछ्वा | सिनियर डिभिजनल ईन्जिनियर | ९८५११५४८७७ | |
| ६ | जिज्ञासा राई याङखुरुङ | सिनियर डिभिजनल ईन्जिनियर | ९८४२१४९७४६ | |
| ७ | किरण श्रेष्ठ | ईन्जिनियर | ९८४२५२५५४९ | |
| ८ | सुनिल कुमार कार्की | ईन्जिनियर | ९८६३६२२३१३ | |
| ९ | प्रतिक कडेल | ईन्जिनियर | ९८४३५१०२७४ | |
| १० | अनिश श्रेष्ठ | ईन्जिनियर | ९८६०४२८४६६० | |
| ११ | सुरक्षा शर्मा | ईन्जिनियर | ९८४२२७०९३९ | |
| १३ | सगुन अधिकारी | ईन्जिनियर | ९८६०९००९६५ | |
| १३ | नमिता गौतम | ईन्जिनियर | ९८६७७४२९३१ | |
| १४ | जितेन्द्र कुमार चौधरी | ईन्जिनियर | ९८६२२३०१९२ | |
| १५ | प्रकाश पुन मगर | सब- ईन्जिनियर | ९८६८९६८६१० | |
| १६ | विकल विनोद चौधरी | सब- ईन्जिनियर | ९८५११६८२६ | |

| क्र.सं. | कर्मचारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १७ | कुलानन्द चौधरी | सब- ईन्जिनियर | ९८५८४४०१२१ | |
| १८ | हरि बहादुर सुनार | सब- ईन्जिनियर | ९८५८४६४४५५ | |
| १९ | दिपक के.सी. | सब- ईन्जिनियर | ९८५८०५५२७७ | |
| २० | मनिष कुमार मण्डल | सब- ईन्जिनियर | ९७४२४९८५१८ | |
| २१ | निशान्त कुमार सिंह | सब- ईन्जिनियर | ९८१६८३४३६४ | |
| २२ | रामचन्द्र अवस्थी | सब- ईन्जिनियर | ९८६०१६४४९० | |
| २३ | देवी बहादुर भण्डारी | नायब सुब्बा | ९८६०३१४३०८ | |
| २४ | यदु प्रसाद पौडेल | लेखापाल | ९८४८७४५७६५ | |

### .सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सेवा वापत दस्तुर नलाग्ने।

### सेवा प्राप्त गर्न लाग्ने अवधि

आपतकालिन कामको लागि सामाग्री तथा बजेटको उपलब्धताको आधारमा यथाशीघ्र र अन्यको हकमा स्वीकृत खरिद गुरु योजना, वार्षिक कार्यक्रम तथा प्राविधिक पुष्टयाईं अनुसार।

### निर्णय गर्ने प्रक्रिया र अधिकार

प्रचलित कानुन बमोजिम।

### गुनासो सुन्ने अधिकारी

आयोजना निर्देशक श्री गोपाल शर्मा

### सूचना अधिकारीको नाम

सि.डि.ई. श्री शेखर नाथ न्यौपाने

सि० डि० ई०

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग

# बबई सिंचाई आयोजना

बेदी, बर्दिया

## आ. ब. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसारको तेस्रो त्रैमासिक एवं समष्टिगत प्रगति विवरण

**१. तेस्रो त्रैमासिक भौतिक र वित्तिय प्रगति प्रतिवेदन (detail excel sheet अनुसार प्रगति बनाएर राखिएको)**

- तेस्रो त्रैमासिक भौतिक प्रगति : ९८.९२ प्रतिशत
- तेस्रो त्रैमासिक वित्तिय प्रगति : १०५.३२ प्रतिशत

**२. तेस्रो त्रैमासिक प्रगति ८०% भन्दा कम भएकोमा त्यसको कारण र समाधानका प्रयासहरु**

-

**३. उपलब्धि विवरण**

| आ.व.२०८२/८३ (तेस्रो त्रैमासिक) को उपलब्धि विवरण | इकाई | यस अवधिको उपलब्धी | चालु आ.व. को यस अवधिसम्मको उपलब्धी | शुरुदेखि हालसम्मको समष्टिगत उपलब्धी |
|---|---|---|---|---|
| सतह सिंचाइ मार्फत सिंचित क्षेत्र बढेको | हेक्टर | ६०० | १२०० | आयोजनाबाट कुल ३६००० हे. मध्ये हालसम्म हे. २८५३० सिंचित क्षेत्र विकास भएको |
| भूमिगत सिंचाई मार्फत सिंचित क्षेत्र बढेको | हेक्टर | - | - | - |
| नयाँ प्रविधि/लिफ्ट सिंचाइ मार्फत सिंचित क्षेत्र बढेको | हेक्टर | - | - | - |
| FMIS मर्मत संभार/पुनर्स्थापना भएको | हेक्टर | - | - | - |
| तट्बन्ध निर्माण | कि.मि. | ०.८ | १.२ | ३१.२४ |
| जग्गा उकास | हेक्टर | - | - | - |
| पहिरो नियन्त्रण | वटा | - | - | - |

सि. डि. ई.

४. कार्यान्वयन स्तरमा देखिएका समस्याहरु र समाधानका प्रयासहरु

आयोजनामा देखिएका विधमान समस्या र समाधानका प्रयासहरु

| समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|
| विगतका आ.व.हरुमा खरिद गुरुयोजनाले प्रक्षेपण गरे अनुसारको वार्षिक बजेट विनियोजन नहुने गरेकोले आयोजनाको अवधि र लागत बढेको । | हाल गुरुयोजना संसोधन भई संसोधित गुरुयोजना अनुरुप लक्ष्य हासिल गर्न संचालित ठेक्का व्यवस्थापनको कार्य तीव्र गतिमा अगाडी बढाइएको, अन्य कार्यको लागि स्रोत सहमति र ल.ई. स्वीकृतीको लागि फाइल अगाडी बढाईएको । |
| आयोजनाको हेडवर्क्स संचालन तथा व्यवस्थापनमा विधुतिकरणको समस्या रहेको । | हेडवर्क्स संचालनको लागि आवश्यक विधुतिकरणको लागि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मार्फत सहजीकरणको लागि वन तथा वातावरण मन्त्रालयमा अनुरोध गरिएको र सो को ल.ई. को लागि गुलरिया स्थित विद्युत प्राधिकरणलाई अनुरोध गरिएको । |
| आयोजनाको कार्यक्षेत्र बर्दिया राष्ट्रिय निकुन्ज तथा कृष्णसार संरक्षण क्षेत्र भित्र परेकोले निर्माण कार्य/ नहर संचालनमा चुनौती रहेको। हाल कृष्णसार संरक्षण क्षेत्रको कारण NCB1 अन्तर्गतको १५० मि. नहर लाइनिंगको कार्य स्थगित भएको । | बर्दिया राष्ट्रिय निकुन्ज तथा कृष्णसार संरक्षणसंग समन्वय गरी हेडवर्क्स तथा नहरको संचालन र मर्मत सम्भारको कार्य गर्ने गरिएको । हाल Environmental Management Plan (EMP) संसोधनको लागी वन तथा वातावरण मन्त्रालयमा पेश गरिएको, उक्त संसोधन पश्चात जग्गा प्राप्त गरी निर्माण कार्य गर्नु पर्नेमा उक्त ठेक्काको अन्य काम करिब अन्तिम चरणमा पुगेको हुनाले, EMP संसोधनको प्रकृया छिटो टुंगिनु जरुरी रहेको । |

५. MDAC बैठकमा राखिनु पर्ने ISSUE हरु

- हेडवर्क्स संचालनको लागि आवश्यक विधुतीकरण गर्ने स्वीकृति प्रदान गरिदिन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिनुपर्ने।
- बर्दिया राष्ट्रिय निकुन्ज भित्र रहेको हेडवर्क्स तथा नहर संचालन र मर्मत सम्भार कार्यका लागि निकुन्ज प्रशासनलाइ सहजीकरण गरिदिन निर्देशन दिनुपर्ने ।

सि० डि० ई०

६. आयोजनाको शुरु अवधिदेखि हालसम्मको समष्टिगत प्रगति

आयोजनाको समष्टिगत प्रगति विवरण

| | | |
|---|---|---|
| आयोजनाको नामः | बबइ सिंचाई आयोजना,बर्दिया | |
| कुल लागत (रु. लाखमा) : रु.२६,६९,३३.१८ (आ.व. २०८२/८३ मा संसोधित स्वीकृत गुरुयोजना बमोजिम) | | |
| आयोजना अवधि | शुरु आ.व.२०४५/४६ | सम्पन्न हुने आ.व. :२०८५/८६ सम्म (आ.व. २०८२/८३ मा संसोधित स्वीकृत गुरुयोजना बमोजिम) |
| आयोजनाको शुरु अवधि देखि यस आ. व. २०८२/८३ तेश्रो त्रैमासिक सम्मको प्रगति | वितिय प्रगति प्रतिशतः ६५.३१ % | भौतिक प्रगति प्रतिशतः ८१.१७ % |
| | खर्च रकम (रु लाखमा): १७,४३,४०.६२ | |
| वार्षिक प्रगति (यस आ.व. ०८२/०८३ को वार्षिक प्रगति) | | वार्षिक प्रगति |
| | विनियोजित बजेट (रु. लाखमा): १८२७७.०० | भौतिक प्रगती प्रतिशात : ८५.३८ |
| | खर्च रकम (रु लाखमा): १६२१५.७२ | वित्तीय प्रगती प्रतिशतः ८८.७२ |
| त्रैमासिक प्रगति (यस आ.व. ०८२/८३ को तेश्रो त्रैमासिकको प्रगति) | | तेश्रो त्रैमासिक प्रगति |
| | विनियोजित बजेट (रु. लाखमा): ८१९८.९१ | भौतिक प्रगति (प्रतिशत) :९८.९२ |
| | खर्च रकम (रु लाखमा): ८६३४.६९ | वित्तिय प्रगति (प्रतिशत) :१०५.३२ |
| हालसम्म सम्पन्न प्रमुख कार्य/ उपलब्धी | हेडवर्क्स निर्माण कार्य (३१५ m long weir cum bridge): सम्पन्न | |
| | साइफन निर्माण (५५१ m long and ३० Cumecs capacity) : सम्पन्न | |
| | जग्गा अधिग्रहण : ३९३.९५ हे. | |
| | पूर्वि मूल नहर निर्माण कार्य : ३४.५ कि.मि. | |
| | पश्चिम मूल नहर निर्माण कार्य : ३६.६ कि.मि. | |
| | शाखा/उपशाखा/ प्रशाखा नहर निर्माण कार्य :३३७.४८ कि.मि. | |
| | सिंचित क्षेत्र तथा संरचना संरक्षण कार्य (नदी नियन्त्रण सम्बन्धी): ३१.२४ कि.मि. | |
| | सिंचित क्षेत्र विकास कार्य : २८,५३० हे. | |

सि० डि० ई०

# तेस्रो चैमासिक प्रगति विवरण

१. आ.व. २०८१/८२
२. बजेट उपशीर्षक नं. : ३०८०३११२
३. मन्त्रालय : ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय/जलस्रोत तथा सिंचाइ विभाग
४. कार्यक्रम/आयोजना : बबई सिंचाइ आयोजना,बर्दिया
५. आयोजना प्रमुखको नाम : श्री सोमनाथ शर्मा
६. यस वर्षको बजेट रु. हजारमा

| | | |
|---|---|---|
| क) आन्तरिक | | ८१८२.९१ |
| | पुँजीगत | चालु |
| (१) नेपाल सरकार (पुँजीगत र चालु) | ८१०१.४५ | ८१.४६ |
| (२) संस्था | | |
| (३) जनसहभागिता | | |
| ख) वैदेशिक | | |
| (१) ऋण | | |
| (२) अनुदान | | |
| ग) दातृ संस्था | | |

७. यस अवधिसम्मको खर्च :- १६२१५.७२
क. आन्तरिक १६२१५.७२

ख. वैदेशिक

८. चालु आ.व.को हालसम्मको खर्च रकम र प्रतिशत :- १६२१५.७२ ८८.७२
९. शुरु लागत अनुमान शुरु देखि यस अवधिको कुल खर्च रकम र प्रतिशत :- १७४३४०.६२ ६५.३१
१०. आयोजनाको शुरुदेखि यस अवधि सम्मको भौतिक प्रगति प्रतिशत : ८१.१७
११. आयोजनाको कुल अवधि मध्ये बितेको समय प्रतिशतमा :- ९१.०७

रु.हजारमा

| क्र.सं. | | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य परिमाण | वार्षिक लक्ष्य भार | वार्षिक लक्ष्य बजेट | तेस्रो चैमासिक लक्ष्य परिमाण | तेस्रो चैमासिक लक्ष्य भार | तेस्रो चैमासिक लक्ष्य बजेट | तेस्रो चैमासिक प्रगति परिमाण | तेस्रो चैमासिक प्रगति भार | तेस्रो चैमासिक प्रगति खर्च | प्रतिवेदन अवधिसम्मको प्रगति परिमाण | प्रतिवेदन अवधिसम्मको प्रगति भार | प्रतिवेदन अवधिसम्मको प्रगति बजेट | शुरुदेखि आजसम्म प्रगति (प्रतिशत/उपलब्धी ) आयोजनाको परिमाण | शुरुदेखि आजसम्म प्रगति भार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | | पुँजीगत खर्च अन्तर्गत कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | |
| | | बबई सिंचाइ आयोजना | | | | | | | | | | | | | | | | | |
| १ | ११.५.१५.४४ | संस्थागत विकास ( भवन निर्माण तथा मर्मत, कृषक तालिम, अवलोकन भ्रमण, क्षमता अभिवृद्धि कार्यक्रम आदि ) | ३११११ | प्र.श. | १० | ०.०८ | १५.० | ४.०० | ०.०२ | ४.० | ४.०० | ०.०३३ | ०.०० | ६.०० | ०.०५ | १.४१ | ८८.३६ | ०.१३ | |
| २ | ११.५.१८.१५५५ | (कृषि व्यवसायीकरण/ विस्तार कार्यक्रम (बिउ उत्पादन तथा भण्डार शिविर, बीमा/ औजार सिंचाइ तथा बाली, तालिम, मल, बिउ, बिउबिजन वितरण/प्रदर्शन, एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम, कृषि प्रसार कार्यक्रम आदि)-बाली उत्पादन बढोत्तरी | ३१११५ | प्र.श. | २ | ०.०१ | २.३ | ०.०० | ०.०० | ०.० | ०.३० | ०.००२ | ०.०० | १.०० | ०.०१ | १.०८ | ६८.५६ | ०.०१ | |
| ३ | ११.५.१८.१७० | नदी तथा सिंचाइ प्रणालीको विस्तृत सर्वेक्षण/ सम्भाव्यता अध्ययन, House Hold Survey, Arbitration Service, डिजाइन तथा वातावरणीय प्रभाव अध्ययन र निर्माण कार्यको रेखदेख, निरीक्षण तथा गुणस्तर नियन्त्रण कार्य | ३१११५ | संख्या | १.६ | ०.०७ | १२.७ | ०.५० | ०.०१ | ५.५ | ०.०० | ०.००० | ०.०० | ०.८० | ०.०३ | ६.९८ | १५.३१ | ०.३१ | |
| ४ | ११.५.१५.४१ | सर्भिस रोड | ३११५५ | कि. मि. | १०.०० | ०.५५ | १००.०० | ५.०० | ०.२२ | ४०.०० | २.२० | ०.५०३ | ०.०० | १०.०० | ०.५५ | १००.०० | ७८.६० | ०.८९ | |
| ५ | ११.५.१५.७१ | वातावरण संरक्षण कार्यक्रम (वृक्षरोपण, फेन्सिङ, संरक्षण कार्य, आदि) | ३११५५ | प्र.श. | १० | ०.३८ | ७०.० | ३.०० | ०.०० | ०.० | ०.०० | ०.००० | ०.०० | ७.०० | ०.२७ | - | ६२.९८ | ०.१७ | |
| ६ | ११.५.१५.१३६१ | सिंचित क्षेत्र तथा संरचना संरक्षण कार्य | ३११५५ | कि. मि. | २,००० | १०.९४ | २०००.० | १.०० | ५.४७ | १०००.० | ०.८० | ४.३७७ | १५७२.९२ | १.२० | ६.५७ | १,५९५.०० | ३१.२४ | १.८३ | |
| ७ | ११.५.१५.३११ | सिंचित क्षेत्र विकास तथा विस्तार कार्य | ३११५५ | हेक्टर | १५०० | २४.६२ | ४५००.० | ६००.०० | ११.४९ | २१००.० | ६००.०० | ९.८४८ | ३३०६.६७ | १,२०० | १९.७० | ३,७३७.८२ | २८.५३० | १८.७३ | |
| ८ | ११.५.१५.४६० | मूलद्वार निर्माण कार्य (मूलद्वारको संरचना निर्माण समेत) | ३११५५ | कि. मि. | ६,००० | ३६.११ | ६६००.० | ३.०० | १८.०६ | ३३००.० | ३.२० | १९.२६९ | ३१३२.६४ | ५.०० | ३०.०९ | ६,५३३.२८ | ७१.१० | १७.३२ | |
| ९ | ११.५.१५.४६१ | ट्रंक निर्माण/नहरसुधार कार्य (सिंचाइ प्रणालीको निर्माण) (ट्रंक निर्माण तथा व्यवस्थापन) | ३११५५ | कि. मि. | १०.०० | १.६४ | ३००.०० | ५.०० | ०.८८ | १६०.०० | ६.०० | ०.९८५ | ०.०० | १०.०० | १.६४ | ३००.०० | २१.४७ | १.११ | |
| १० | ११.५.१५.४६२ | शाखा/उपशाखा नहर निर्माण कार्य (शाखा/उपशाखा नहरको संरचना निर्माण समेत) | ३११५५ | कि. मि. | १० | १०.८१ | ११९०.० | ५.०० | ५.३६ | ७९६.० | ६.०० | ६.५३३ | ०.०० | १६.०० | १७.४२ | १,९९०.०० | ३३७.४८ | २०.९८ | |
| ११ | ११.५.१५.४१ | नहर/संरचना मर्मत सम्भार कार्य(डेफरमेन्ट/भवन/सडक मर्मत समेत) | ३११३१ | प्र.श. | १५ | २.७४ | ५००.० | ५.०० | ०.९६ | १७५.० | १०.०० | १.८२४ | १.४१ | १५.०० | २.७४ | ४१०.५८ | ६४.९५ | १.०९ | |
| १२ | ११.५.१५.४२ | नहर संचालन, जलवहन तथा सेवा निर्माण | ३११३१ | प्र.श. | १०,००० | १.६६ | ३०५.० | ५.५० | ०.१३ | १७०.० | १.०० | ०.१६६ | ८९.७६ | ६.०० | १.०० | १९९.७७ | ६६.८० | ०.८८ | |
| १३ | ११.२.१.७ | जग्गा अधिग्रहण/घर निर्माणको क्षति जग्गा खरिद | ३१४११ | हेक्टर | १५ | ८.२१ | १५००.० | ३.६० | १.१७ | ३६०.० | ०.७८ | ०.४२७ | ३०६.६४ | ७.१६ | ३.९२ | ९९५.२२ | ३९३.१५ | ४.६२ | |
| | (क) | पुँजीगत खर्च जम्मा | | | | ९७.९० | १५८९४.०० | | ४४.३८ | ८१०१.५५ | | ४४.९६ | ८५५७.१५ | | ८३.९७ | १५९५७.८३ | | ७९.८७ | |
| | (ख) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | प्र.श. | | २.१० | ३८३.०० | | ०.४६ | ८१.४६ | | ०.४० | ७७.४४ | | १.४१ | २५७.८८ | | १.३० | |
| | (ग) | कुल जम्मा खर्च (क+ख) | | | | १०० | १६२७७.०० | | ४४.८४ | ८१८२.९१ | | ४५.३६ | ८६३४.६१ | | ८५.३८ | १६२१५.७२ | | ८१.१७ | |

तेस्रो चैमासिक भारित भौतिक प्रगति : १०१.१२ %
तेस्रो चैमासिक वित्तिय प्रगति : १०५.३२ %

वार्षिक भौतिक प्रगति : ८५.३८ %
वार्षिक वित्तिय प्रगति : ८८.७२ %

१ भ्य
सि० डि० ई०

लेखा शाखा प्रमुख    वार्षिक प्रगति शाखा प्रमुख    कार्यालय प्रमुख

निर्माण कार्य सम्पादन सम्बन्धी तस्विरहरु




पश्चिम मूल नहर प्रणाली अन्तर्गतको निर्माणाधिन सुहेलवा शाखाको **HR-CR** (चे. २९+५६०)



पश्चिमि मूल नहर (चे.२८+०००), पर्वतीया मन्दिर नजिक निर्माणाधिन साईफन




पश्चिम मूल नहर (चे.२९+४००) अन्तर्गतको निर्माणाधिन कभर्ड क्यानल




पश्चिम नहर प्रणाली अन्तर्गत उत्तर कुलोको SR1(चे.०+४००) निर्माणाधिन **Drain Under Pass**

सि० डि० इ०



बबई नदि (मधुवन न.पा. ८ कुसुम्बाघाट) को दायाँ किनारामा निर्माणाधिन तटबन्ध



पश्चिम मूल नहर अन्तर्गतको Slope Lining -NCB1